**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. सांघाई सहयोग संगठन एससीओको राष्ट्र प्रमुख परिषद्को २५ औं शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री नरेन्द्र मोदी चीनको तियानजिन पुग्नु भएको छ।

२. गृहमन्त्री अमित शाहले आज अहमदाबादमा शहरी स्वास्थ्य केन्द्रहरूको उद्घाटन गर्नु हुनेछ।

३. सैन्य स्तरोन्नतिको लागि सरकारको योजनाको घोषणा गर्नु हुँदै रक्षामन्त्री राजनाथ सिंहले भन्नुभयो, भारतीय सेना वर्तमान समयमा विदेशी आपूर्तिमा निर्भर रहन सक्दैन।

४. भारतीय रिजर्भ बैंक- आरबीआईको गभर्नर सञ्जय मल्होत्राले भारत चाँडै नै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने बताउनु भएको छ।

५. काजाकिस्तानको श्यामकेन्टमा भएको १६ औं एशियाली सुटिङ च्याम्पियनशीपमा भारतले पहिलो पटक ५० स्वर्ण पदक जितेर ऐतिहासिक उपलब्धि हासिल गरेको छ।

**प्रधानमन्त्री-एससीओ बैठक**

सांघाई सहयोग संगठन (एससीओ) को राष्ट्र प्रमुख परिषद्को २५ औं बैठक आज चीनको तियानजिनमा सुरु हुँदैछ। शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री नरेन्द्र मोदी तियानजिन पुग्नु भएको छ। यस दुई दिने सम्मेलनमा बीसभन्दा बढी देशका शीर्ष नेताहरू र दश अन्तर्राष्ट्रिय संस्थाका प्रमुखहरूले भाग लिनेछन्। चीनले पाँचौं पटक एससीओ शिखर सम्मेलन आयोजना गर्दैछ। यो बैठक राष्ट्रपति सी जिनपिङको अध्यक्षतामा हुनेछ। चीनको अध्यक्षतामा २०२५ लाई एससीओको दिगो विकास वर्षको रूपमा घोषणा गरिएको छ।

**बाइट**

**प्रधानमन्त्री - मनकी बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजी आकाशवाणीमा मनकी बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्नु हुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको १२५ औं एपिसोड हुनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्यूज अन एयर मोबाइल एपमा प्रसारण गरिनेछ। यो आकाशवाणी समाचार, डीडी समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारणपछि यो क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गरिनेछ।

**अमित शाह-गुजरात**

गृहमन्त्री अमित शाहले आज अहमदाबादमा शहरी स्वास्थ्य केन्द्रहरूको उद्घाटन गर्नु हुनेछ। उहाँ हिजो दुई दिने भ्रमणमा गुजरात पुग्नुभएको थियो। श्री शाहले अहमदाबादमा धेरै वृक्षारोपण अभियानहरूमा भाग लिनु हुनेछ। गृहमन्त्रीले गोटा वार्डको ओगनज गाउँ नजिकै र चन्दलोडिया वार्डको ओशिया हाइपर मार्ट नजिकै दुई शहरी स्वास्थ्य केन्द्रहरूको उद्घाटन गर्नु हुनेछ।

**राजनाथ सिंह**

सैन्य स्तरोन्नतिको लागि सरकारको योजनाको घोषणा गर्नु हुँदै रक्षामन्त्री राजनाथन्नु भयो, भारतीय सेना वर्तमान समयमा विदेशी आपूर्तिमा निर्भर रहन सक्दैन। रक्षामन्त्रीले नोएडामा एक निजी एयरो इन्जिन परीक्षण सुविधाको उद्घाटन गर्नु भयो। आफ्नो सम्बोधनमा श्री सिंहले भन्नु भयो, सरकारले प्रस्तावित सुदर्शन चक्र वायु रक्षा प्रणाली अन्तर्गत आगामी १० वर्षमा देशका सबै महत्त्वपूर्ण प्रतिष्ठानहरूलाई पूर्ण हवाई सुरक्षा प्रदान गर्नेछ। उहाँले भन्नु भयो, सुरक्षा खतराहरूको सामना गर्न प्रणालीमा आक्रामक र रक्षात्मक दुवै तत्वहरू समावेश हुनेछन्। उहाँले यो पहललाई भारतको भविष्यको सुरक्षाको लागि क्रान्तिकारी भनेर वर्णन गर्नु भयो।

**आरबीआई-भारतीय अर्थतन्त्र**

भारतीय रिजर्भ बैंक- आरबीआईको गभर्नर सञ्जय मल्होत्राले भारत चाँडै नै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने बताउनु भएको छ। उहाँले देशको तीव्र वृद्धिको श्रेय प्रधानमन्त्री जनधन योजनालाई दिनु भएको छ।रिजर्भ बैंकका गभर्नरले यो टिप्पणी यस्तो समयमा गर्नु भएको छ जब चालू वित्त वर्षको अप्रेल-जुन त्रैमासिकमा भारतको सकल घरेलू उत्पाद-जीडीपीको वृद्धि दर सात दशमलव आठ प्रतिशत थियो, जुन पछिल्लो पाँच त्रैमासिकमा सबैभन्दा उच्च हो। इन्दौरको रंगवासा गाउँमा सार्वजनिक क्षेत्रका बैंकहरूको वित्तीय समावेशीकरण अभियान "संतृप्ति शिविर" लाई सम्बोधन गर्नु हुँदै श्री मल्होत्राले भन्नु भयो, केन्द्र सरकार र रिजर्भ बैंकले ११ वर्षअघि बैंकहरूसँगको सहकार्यमा जनधन योजना शुरु गरेको थियो, जसले देशभर विकासको नेतृत्व गरेको थियो।रिजर्भ बैंकका गभर्नरले भन्नु भयो, देशको विकास यात्रामा सबै वर्गको सहभागिता सुनिश्चित गर्न यस योजना अन्तर्गत ५५ करोड खाता खोलिएको छ, जसको माध्यमबाट उनीहरूलाई बचत, पेन्सन, बीमा, ऋण र अन्य सेवाहरू प्रदान गरिँदैछ।

**जीडीपी वृद्धि दर - प्रतिक्रिया**

आर्थिक विज्ञहरूले चालु वित्त वर्षको अप्रेल-जुन त्रैमासिकमा भारतको जम्मा सकल घरेलू उत्पाद- जीडीपी वृद्धि दर सात दशमलव आठ प्रतिशत रहेको प्रशंसा गरेका छन् र अर्थतन्त्र सबै अपेक्षाहरूभन्दा राम्रो रहेको बताएका छन्। अर्थशास्त्री प्रोफेसर यशवीर त्यागीले विश्वास व्यक्त गर्नु भएको छ, सात दशमलव आठ प्रतिशतको वृद्धि पहिलेको पूर्वानुमानभन्दा धेरै बढी छ, जुन सकारात्मक संकेत हो।राजकोटको सौराष्ट्र विश्वविद्यालयको अर्थशास्त्र विभागका सहप्राध्यापक डा. सुरेश जी. पर्दावले राम्रो मनसुनको कारणले जीडीपी र कृषि उत्पादनमा उल्लेखनीय वृद्धि भएको बताउनु भएको छ।क्रिसिलको एक रिपोर्ट अनुसार, सबै अवरोधहरूको बाबजुद, यस आर्थिक वर्षमा भारतको सकल घरेलू उत्पाद छह दशमलव पांच प्रतिशतको दरले बढ्ने अनुमान गरिएको छ, जसमा अमेरिकी ट्यारिफमा वृद्धिको कारणले गिरावटको जोखिम पनि समावेश छ। यस आर्थिक वर्षको पहिलो त्रैमासिकमा भारतको वास्तविक जीडीपी वृद्धि दर गत आर्थिक वर्षको चौथो त्रैमासिकमा सात दशमलव चार प्रतिशतबाट बढेर सात दशमलव आठ प्रतिशत पुगेको छ।

**वायु गुणस्तर-कार्यशाला**

दिल्लीको राष्ट्रिय राजधानी क्षेत्रको वायु गुणस्तर प्रबन्धन आयोगको टिकाऊ सड़क डिजाइन र धुलो नियन्त्रण अभ्यासहरूमा दुई दिने प्रशिक्षण कार्यशाला हिजो गाजियाबादमा सम्पन्न भयो। यो राष्ट्रिय राजधानी क्षेत्रका नौ छनोट गरिएका शहरहरू दिल्ली, गुडगाउँ, फरीदाबाद, सोनीपत, नोएडा, ग्रेटर नोएडा, गाजियाबाद, भिवाडी र नीमरानामा आयोजना हुने पहिलो कार्यशाला थियो।कार्यशालामा सरकारी अधिकारीहरू, प्रवर्तन एजेन्सीहरू, इन्जिनियरहरू र अन्य सम्बन्धित सरोकारवालाहरूले प्राविधिक सत्रहरू, समस्या मानचित्रण र व्यावहारिक अभ्यासहरूमा भाग लिए। वातावरण, वन र जलवायु परिवर्तन मन्त्रालयले भनेको छ, सरोकारवालाहरूलाई दिगो सडक डिजाइन, धुलो नियन्त्रण उपायहरू र वायु गुणस्तर प्रबन्धन आयोग अनुसार विस्तृत परियोजना प्रतिवेदनहरूको तयारीमा पनि तालिम दिइएको थियो।

**पश्चिम बंगाल-अयोग्य शिक्षक सूची**

पश्चिम बंगालमा स्कूल सेवा आयोग-एसएससीले सर्वोच्च न्यायलयको आदेशमा हिजो आफ्नो वेबसाइटमा १८०४ अयोग्य शिक्षकहरूको सूची प्रकाशित गर्‍यो। यसैबीच, अयोग्य शिक्षकहरूको मञ्चका संयोजक मेहबूब मण्डलले भन्नु भयो, पैसाको बदलामा नोकरी पाएकाहरूको सूची प्रकाशित गरिएको छ। अब ती नेताहरूको नाम प्रकाशित गर्ने समय आएको छ जसलाई उनीहरूले पैसा दिएका थिए। दागी शिक्षकहरूको अर्को मञ्चका नेता सुमन विश्वासले भन्नु भयो, यो प्रकाशित सूचीसँगै, उनीहरूले आफ्नो नोकरी बचाउन फेरि एक पटक सर्वोच्च न्यालयमा अपील गर्नेछन्।

**<u>सुटिङ - एशियाली च्याम्पियनशीप</u>**

काजाकिस्तानको श्यामकेन्टमा भएको १६ औं एशियाली सुटिङ च्याम्पियनशीपमा भारतले ऐतिहासिक उपलब्धि हासिल गर्‍यो। भारतले च्याम्पियनशीपमा पहिलो पटक ५० स्वर्ण पदक जितेर पदक तालिकामा शीर्ष स्थानमा रह्यो। भारतले २६ रजत र २३ कांस्य पदकसहित जम्मा ९९ पदक जित्यो। काजाकिस्तान दोस्रो र चीन तेस्रो स्थानमा रह्यो। भारतका अंकुर मित्तलले हिजो अन्तिम दिन पुरुष डबल ट्र्याप प्रतियोगितामा विश्व कीर्तिमानसहित स्वर्ण पदक जिते। सिनियर टोलीको उत्कृष्ट प्रदर्शनमा महिला एयर राइफलमा एशियाली रेकर्डसहित इलाभेनिल भलारिवनको दोस्रो एसियाली उपाधि समावेश थियो। उनले मिश्रित टोली प्रतियोगितामा अर्जुन बाबुतासँग स्वर्ण पदक पनि जितिन्। नीरु धान्डाले महिला ट्र्याप प्रतियोगितामा एसियाली च्याम्पियनशीपमा भारतको पहिलो स्वर्ण पदक जितिन्। सिफ्ट कौर सम्राले महिला ५० मिटर राइफल थ्री-पोजिसनमा आफ्नो पहिलो एसियाली उपाधि जितिन्, जबकि ऐश्वर्या प्रताप सिंह तोमरले ५० मिटर राइफल थ्री पोजिसनको उपाधि कायम राखिन्। मनु भाकरले तीन कांस्य पदक जितिन्। एसियाली च्याम्पियनशीपका लागि भारतीय वरिष्ठ सुटिङ टोलीका ३५ सदस्यहरूले १५ कार्यक्रमहरूमा भाग लिएका थिए।